apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः २०१ ● पृष्ठः ४ ● २२ साउन २०८३ शुक्रबार (07 August 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# रास्वपा सांसद यादवको अभिव्यक्तिपछि गोलबजारको श्रद्धाञ्जली सभामा विवाद, कार्यक्रम प्रभावित



शुभ नारायण कामती
सिरहा, साउन २१ गते

सुनसरीको देवानगञ्ज र त्यसको प्रभावस्वरूप सिरहाको गोलबजारमा भएका हिंसात्मक घटनामा ज्यान गुमाएकाहरूको सम्झनामा आयोजित संयुक्त श्रद्धाञ्जली सभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तपेश्वर यादवको अभिव्यक्तिपछि विवाद उत्पन्न हुँदा कार्यक्रम प्रभावित भएको छ।

हिन्दु-मुस्लिम समुदायबीच सामाजिक सद्भाव र आपसी विश्वास पुनःस्थापित गर्ने उद्देश्यले बिहीबार गोलबजार उद्योग व्यापार संघको सभाहलमा आयोजित कार्यक्रममा सिरहाको औरही गाउँपालिका-२ तुल्सीपुरका १५ वर्षीय गणेश यादवसहित सुनसरी-सिरहा घटनाका मृतकप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । कार्यक्रममा दुवै समुदायका प्रतिनिधि, जनप्रतिनिधि, उद्योगी-व्यवसायी तथा स्थानीय अगुवाको सहभागिता रहेको थियो।

श्रद्धाञ्जली सभामा सिरहा क्षेत्र नम्बर-४ बाट निर्वाचित रास्वपाका सांसद तथा मधेश प्रदेश सभापति तपेश्वर यादवले मन्तव्य दिने क्रममा सुनसरी र सिरहाका घटनापछि सरकारमाथि अनावश्यक रूपमा प्रश्न उठाइएको दाबी गर्दै समाजका केही व्यक्ति र विपक्षी दलको भूमिकामाथि प्रश्न उठाएका थिए । उनले सरकारविरुद्ध सुनियोजित षड्यन्त्र भएको दाबीसमेत गरेका थिए।

उनको अभिव्यक्तिप्रति कार्यक्रमस्थलमै केही सहभागीले आपत्ति जनाउँदै श्रद्धाञ्जली सभामा राजनीतिक आरोप-प्रत्यारोप नगर्न आग्रह गरेका थिए। त्यसपछि रास्वपा समर्थक र अन्य सहभागीबीच भनाभन भएको थियो । स्थिति तनावपूर्ण बन्दै गएपछि प्रहरीले हस्तक्षेप गर्दै सांसद यादवलाई सुरक्षासहित कार्यक्रमस्थलबाट बाहिर निकालेको थियो।

कार्यक्रमपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै सांसद यादवले

बाँकी पृष्ठ ३ ▶▶

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं ।
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं ।
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं ।
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं ।
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदर्शनमा आगजनी र तोडफोड गर्नेको पहिचानका लागि प्रहरीले माग्यो सर्वसाधारणको सहयोग




अपन दैनिक संवाददाता
सिरहा, साउन २१ गते

सुनसरीको देवानगञ्ज घटनापछि सिरहाका विभिन्न स्थानमा भएका प्रदर्शनका क्रममा आगजनी, तोडफोड तथा लुटपाटमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही अघि बढाउन नेपाल प्रहरीले सर्वसाधारणसँग सहयोगको अपिल गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले विहीबार सार्वजनिक सूचना जारी गर्दै घटनासँग सम्बन्धित फोटो, भिडियो वा अन्य प्रमाण भएका व्यक्तिलाई नजिकको इलाका प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा उपलब्ध गराइ अनुसन्धानमा सहयोग गर्न आग्रह गरेको हो।

प्रहरीका अनुसार साउन ११ गते सुनसरीको देवानगञ्जमा भएको घटनापछि सिरहाका विभिन्न स्थानमा भएका प्रदर्शनका क्रममा सार्वजनिक

बाँकी पृष्ठ २ ▶▶

# गृहमन्त्री सुधन गुरुङले मागे मापी

अपन दैनिक संवाददाता
काठमाडौं, साउन २१ गते

गृहमन्त्री सुधन गुरुङले आफ्नो भाषा ठाडो हुन पुगेको भन्दै माफी मागेका छन्।

राष्ट्रिय सभा बैठकमा बोल्ने क्रममा उनले विहीबार केहीबेर अघि सांसदहरूसँग सवालजवाफ गरेका थिए।

सो क्रममा उनले आफूलाई निर्मला पन्त हत्याकाण्डको विषयमा प्रश्न नगर्न भन्दै रोष्ट्रमबाटै चेतावनी दिएका थिए।

उक्त विषयमा आलोचना बढेपछि उनले आजै राष्ट्रिय सभाबाट माफी मागेका हुन्।

'हजुरहरूबाट हामीले धेरै सिक्न बाँकी छ। सिक्दै जानेछौं। मेरो तर्फबाट अलिकति ठाडो तरिकाबाट भयो जस्तो लाग्यो,' सांसदहरूलाई सम्बोधन गर्दै उनले भने, 'यसका लागि म क्षमाप्राथी पनि छु। हजुरहरूलाई माफी पनि माग्न चाहन्छु।'

विपद् व्यवस्थापनको विषयमा छलफल चलिरहँदा निर्मला पन्तको विषयमा कुरा उठेपछि आफ्नो शैली रुखो बन्न पुगेको उनको भनाइ थियो।



'विपद् व्यवस्थापन विषयमा हामी छलफल गर्दै थियौं। तर विषयकेन्द्रित नभएर विपद् व्यवस्थापनमा निर्मला पन्त हत्याकाण्ड जोडियो। किन यसरी घुमाइन्छ ?,' उनले भने, 'मलाई यो अचम्म लाइराछ। निर्मला पन्त हत्याकाण्ड र मनसुनजन्य विपद् व्यवस्थापनको सम्बन्ध के ? यसमा विषयकेन्द्रित हुनुपर्ला माननीय ज्यू।'

# धनुषामा प्रतिपरिवार एक सिलिन्डर बिक्री गरिने




**जनकपुरधाम, साउन २१ गते।** धनुषा जिल्लामा खाना पकाउने एलपी ग्यासको सम्भावित अभावलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय धनुषाले प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवाला निकाय, ग्यास उद्योग तथा बिक्रेताको संयुक्त बैठकले ग्यासको सहज आपूर्ति र समानुपातिक वितरण सुनिश्चित गर्न प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको हो।

बैठकले जिल्लामा रहेका एलपी ग्यास उद्योगले दैनिक बिक्री हुने ग्यासको विवरण अभिलेख राखी समानुपातिक रूपमा वितरण गर्ने, धनुषालाई प्राथमिकतामा राखेर ग्यास

बाँकी पृष्ठ ४ ▶▶

# 'राजा ल्याउने प्रस्ताव' आएपछि बन्यो अग्रगामी मोर्चा



अपन दैनिक संवाददाता
सिरहा, साउन २१ गते

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'संविधान संशोधन बहसपत्र' तयार पार्न गठन गरेको कार्यदलले राजा ल्याउने सुझाव दिएपछि सात दल अग्रगामी मोर्चा बनाउन तम्सिएका छन्।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल, जनार्दन शर्माको प्रगतिशील लोकतान्त्रिक पार्टी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टी र हरिनन्दन कुमार अम्बेडकर नेतृत्वको बहुजन एकता पार्टीले मिलेर अग्रगामी मोर्चा घोषणा गर्न लागेका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा रहेको सरकारले गर्दै आएको गतिविधि शंकास्पद देखिएकाले अग्रगामी मोर्चा गठन गरिएको मोर्चाका एक घटक नेपाल संघीय समाजवादी पार्टीका

बाँकी पृष्ठ ४ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## खाना पकाउने ग्यासको नियमन गर

कुनै समय नेपाली भान्सा दाउरा, गोबरका गुइँठा तथा अन्य परम्परागत इन्धनमा निर्भर थियो । समयसँगै आधुनिक जीवनशैलीको विकास र सहजताका कारण भारतबाट आयात हुने एलपिजी -खाना पकाउने) ग्यास नेपाली घर-घरमा पुग्यो । यसले खाना पकाउने कार्यलाई सहज, छरितो र तुलनात्मक रूपमा स्वच्छ बनायो । तर आज यही ग्यासमाथिको अत्यधिक निर्भरताले आम उपभोक्तालाई गम्भीर समस्यामा पारेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि, आपूर्ति शृङ्खलामा आएको अवरोध तथा कमजोर बजार नियमनका कारण सिरहादेखि देशका विभिन्न स्थानका उपभोक्ताले ग्यासको अभाव र कृत्रिम संकटको सामना गर्नुपरेको छ । हाल खाडी क्षेत्रमा बढ्दो युद्ध र अन्तर्राष्ट्रिय राजनीतिक अस्थिरताले पेट्रोलियम पदार्थको आपूर्ति र मूल्यमा प्रत्यक्ष असर परेको छ । नेपालले पूर्ण रूपमा आयातमा निर्भर रहनुपर्ने भएकाले यसको प्रभाव यहाँका उपभोक्ताले तुरुन्तै भोग्नुपरेको छ । नियमित रूपमा ग्यास आयात हुन नसक्दा बजारमा अभाव सिर्जना भएको छ भने मूल्यसमेत बढिरहेको छ । यसको प्रत्यक्ष असर सर्वसाधारणको दैनिक जीवनमा परेको छ, जहाँ सामान्य परिवारसमेत खाना पकाउन आवश्यक ग्यास जुटाउन संघर्ष गर्न बाध्य छन् ।

यस संकटलाई झन् जटिल बनाउने अर्को पक्ष भनेको बजारमा प्रभावकारी निगरानी र नियमनको अभाव हो । ग्यास अभावको हल्ला चल्नेबित्तिकै केही उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिन्डर खरिद गरेर घरमै भण्डारण गर्ने प्रवृत्ति बढेको देखिन्छ । कतिपयले एउटा सिलिन्डरको सट्टा दुई-तीनवटा सिलिन्डर राख्ने गरेका कारण सीमित आपूर्ति केही व्यक्तिको हातमा केन्द्रित हुने र वास्तविक आवश्यकतामा रहेका उपभोक्ताले ग्यास नपाउने अवस्था सिर्जना भएको छ । फलस्वरूप गाउँदेखि बजारसम्म ग्यास डिपोमा लामो लाइन लाग्ने, घण्टौं कुर्नुपर्ने र दैनिक जीवन अस्तव्यस्त हुने अवस्था बनेको छ । यस्तो परिस्थितिमा सम्बन्धित सरकारी निकाय, स्थानीय प्रशासन र ग्यास वितरण कम्पनीहरूको भूमिका अझ जिम्मेवार हुनुपर्छ । ग्यासको वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र निष्पक्ष बनाउन नियमित अनुगमन आवश्यक छ । कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने तथा आवश्यकताभन्दा बढी ग्यास भण्डारण गर्ने कार्यमाथि कडा निगरानी र कानुनी कारबाही हुनुपर्छ । साथै, उपलब्ध ग्यास सबै उपभोक्तामा समान रूपमा पुग्ने गरी वितरण प्रणालीलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

दीर्घकालीन रूपमा नेपालले एउटै इन्धन स्रोतमा अत्यधिक निर्भर रहने अवस्थाबाट बाहिर निस्कन पनि सोच्नुपर्ने बेला आएको छ । विद्युतीय चुलो, बायोग्यास तथा अन्य वैकल्पिक स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके भविष्यमा यस्ता संकटको असर कम गर्न सकिन्छ । खाना पकाउने ग्यास एउटा व्यापारिक वस्तु मात्र होइन, यो नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक उपभोग्य सामग्री हो । त्यसैले यसको सहज उपलब्धता सुनिश्चित गर्नु राज्यको दायित्व हो । प्रभावकारी निगरानी, निष्पक्ष वितरण र दीर्घकालीन ऊर्जा व्यवस्थापनमार्फत मात्र ग्यासको अभाव, कृत्रिम संकट र उपभोक्ताले भोग्दै आएको सास्तीको अन्त्य गर्न सकिन्छ । समयमै उचित कदम चाल्न सके प्रत्येक नागरिकले बिना सास्ती आवश्यक ग्यास प्राप्त गर्ने वातावरण निर्माण हुनेछ ।

## प्रदर्शनमा आगजनी र तोडफोड गर्नेको ..........

तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाटका घटना भएका थिए । ती घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी प्रमाण संकलन गर्ने कार्य जारी रहेकाले नागरिकको सहयोग आवश्यक रहेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, "मिति २०८३-०४-११ गते सुनसरीको देवानगञ्जमा भएको घटनालाई लिएर सिरहा जिल्लाका विभिन्न स्थानमा प्रदर्शनका क्रममा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा भएको आगजनी, तोडफोड तथा लुटपाटसम्बन्धी घटना सम्बन्धमा कसैसँग फोटो, भिडियो वा अन्य प्रमाण भए नजिकको इलाका प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा उपलब्ध गराई अनुसन्धानमा सहयोग गरिदिन सम्पूर्ण सिरहावासीमा हार्दिक अनुरोध गर्दछौं ।" प्रहरीले सूचना वा प्रमाण उपलब्ध गराउने व्यक्तिको परिचय पूर्ण रूपमा गोप्य राखिने स्पष्ट गर्दै घटनामा संलग्न जो-कोहीलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन अनुसन्धानलाई तीव्र बनाइएको जनाएको छ ।

# सरकार ! कस्ले दिने दीपा नेपालीहरूको प्रश्नको उत्तर ?

**माइतीघर विरोधको स्थल मात्र होइन, आफ्नो दुःख पीडा बिसाउने स्थल पनि हो । जो राज्यप्रति नागरिकको निराशाको प्रतीक पनि बनेको छ । कतिपय अवस्थामा सुरुमा कोठा दिइए पनि पछि जात थाहा पाएपछि कोठा छोड्न दबाब दिने वा निकाल्ने घटनासमेत हुने गरेका छन् । यो अवस्था केवल गाउँघरमा मात्र सीमित छैन ।**



राजेश विद्रोही

बाहिरबाट समानता र लोकतन्त्रको कुरा गर्नेहरू व्यवहारमा भने जातीय सोचबाट मुक्त हुन सकेका छैनन् । **त्यसैले शहरले विभेदको शैली परिवर्तन गरेको छ, चरित्र होइन ।**




जहाँ जति शिक्षित् छन् त्यहाँ उति धेरै जातीय विभेदको डरलाग्दो तस्वीर छ । नभए राजधानी काठमाडौंमा दीपा नेपालीहरू 'सरकार कोठा खाली छ ?' भनेर माइतीघर मण्डलामा उभिएर प्रश्न गरेको महिनौं भइसक्यो । तर, उत्तर दिने साहस कसैले गरेको छैन । दीपा महिनौंदेखि शहरीया शिक्षित् र मध्यम वर्गबीच हराएको मानवता खोजिरहेकी छन् ।

यहाँ कुनै दूरदराजको अशिक्षित, अविकसित र अन्धविश्वासी गाउँमा हुने विभेदको होइन, कथित शिक्षित, सम्भ्रान्त, सभ्य, आधुनिक र शक्तिशाली मान्छेहरूको महानगर, संघीय लोकतान्त्रिक गणतन्त्रको राजधानी काठमाडौंको कुरा भइरहेको छ । तर, आजसम्म यसलाई स्वीकार्ने र ढाडस दिने राज्य देखिएको छैन । उनीहरूको राज्य कुन हो खोजीको विषय छ । किनभने जब काठमाडौं राजधानीमै यतिसम्मको विभेद भोग्न दलित अभिशप्त छन् भने गाउँ घरमा कतिसम्म कहालीलाग्दो होला ? अनुमान लगाउन सकिन्छ । जसको जवाफ कोहीसँग छैन ।

काठमाडौंको माइतीघर मण्डला पछिल्ला वर्षहरूमा केवल विरोध र न्यायका लागि प्रदर्शन गर्ने स्थल मात्र सावित भएको छैन, राज्यलाई खबरदारी गर्ने स्थलको रूपमा समेत पहिचान बनाउन सफल भएको छ । पहिलापहिला 'न्याय नपाए गोर्खा जानु' भनिन्थ्यो, अहिले 'न्याय नपाए माइतीघर जानु' भनेर लोकतान्त्रिक मानक स्थापित भएको छ । यहाँ दिनहुँजसो विभिन्न पीडामा परेका नागरिकहरू न्यायको खोजीमा उभिनेहरूको संख्या बढ्दो छ ।

त्यहाँ कोही छोराको मृत्युको न्याय मागिरहेका हुन्छन्, कसैले सहकारी ठगीमा गुमेको रकम फिर्ताको माग गरिरहेका हुन्छन्, कसैले लघुवित, सहकारी तथा मिटरब्याजको पीडा सुनाइरहेका हुन्छन् भने कसैले विभिन्न हिंसा, विभेद र अन्यायविरुद्ध आवाज उठाइरहेका हुन्छन् । यही भीडको बीचमा महिनौंदेखि दीपा नेपाली नामकी एक युवती हातमा प्लेकार्ड लिएर उभिएकी छन्, जसमा लेखिएको छ– 'सरकार ! कोठा खाली छ ? तिमी मान्छे हो भने तिम्रो मानवता कहाँ छ ?'

केहीलाई यो प्रश्न सामान्य लाग्न सक्छ । केहीका लागि लज्जाको विषय हुन सक्छ भने केहीका लागि लाग्न सक्छ कि यी युवती डेरा किन खोज्दै छिन् ? कसले डेरा दिएन ? तर यो प्रश्नको गहिराइ त्यति सतही छैन । यो एउटा कोठाको खोजीभन्दा धेरै ठूलो प्रश्न मानवताको हो । यो प्रश्न नेपाली समाजमा अझै जीवित रहेको जातीय विभेद, छुवाछुत र असमानतामाथि गरिएको गम्भिर प्रहार हो ।

यो प्रश्नले संविधान, कानुन, लोकतन्त्र र मानवअधिकार तथा सामाजिक चेतनाबीचको ठूलो अन्तरलाई उजागर गरेको छ । संविधानले सबै नागरिकलाई समानताको अधिकार दिएको छ । छुवाछुत र जातीय विभेदलाई कानुनी रूपमा अपराध घोषणा गरिएको छ । दलित समुदायका अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ । राज्यले समान अवसर, सामाजिक न्याय र सम्मानपूर्ण जीवनको प्रत्याभूति गर्ने प्रतिबद्धता जनाएको छ । तर, व्यवहारमा हेर्दा ती अधिकार धेरै नागरिकका लागि अझै पनि कागजमै सीमित देखिन्छन् । दीपा नेपालीको अनुभव त्यसैको एउटा प्रतिनिधि उदाहरण हो ।

आज पनि धेरै दलितहरू काठमाडौंमा डेरा खोज्दा आफ्नो वास्तविक पहिचान लुकाउन बाध्य छन् । नाम र थर सुनेर जात पहिचान गर्ने प्रवृत्ति समाजमा यथावत् छ । यतिसम्म कि अब बाहुनलाई पनि आफ्नो जात थर भन्न समस्या हुन थालेको छ । कोठा भाडामा दिनुअघि धेरै घरधनीले नाम, थर र जात सोध्ने गर्छन् । दलित भएको थाहा पाएपछि विभिन्न बहाना बनाइन्छ । कोठा खाली छैन्, अहिले भाडामा लगाइँदैन, कोठा भाडा दिइसकियो र परिवार बस्नेलाई मात्र दिने हो जस्ता उत्तरहरू दिइन्छन् ।

कतिपय अवस्थामा सुरुमा कोठा दिइए पनि पछि जात थाहा पाएपछि कोठा छोड्न दबाब दिने वा निकाल्ने घटनासमेत हुने गरेका छन् । यो अवस्था केवल गाउँघरमा मात्र सीमित छैन । विडम्बना त के छ भने यस्तो विभेद शहरका शिक्षित् र आफूलाई आधुनिक भन्ने मानिसहरूमा पनि देखिन्छ । गाउँमा विभेद प्रत्यक्ष रूपमा देखिन्छ भने शहरमा त्यो सभ्यताको आवरणभित्र लुकेको हुन्छ । बाहिरबाट समानता र लोकतन्त्रको कुरा गर्नेहरू व्यवहारमा भने जातीय सोचबाट मुक्त हुन सकेका छैनन् । त्यसैले शहरले विभेदको शैली परिवर्तन गरेको छ, चरित्र होइन ।

दीपा नेपालीको प्लेकार्डले यही यथार्थलाई उजागर गरेको छ । 'सरकार ! कोठा खाली छ ? तिम्रो मानवता कहाँ छ ?' भन्ने प्रश्न वास्तवमा राज्य र समाज दुवैलाई सोधिएको प्रश्न हो । एउटा नागरिकले आफ्नो जातकै कारण सम्मानपूर्वक बस्नका लागि कोठा नपाउनु केवल व्यक्तिगत समस्या होइन, समाज व्यवस्थाको लज्जा, यो राज्यको असफलता हो । संविधानले समानता सुनिश्चित गरेको देशमा एउटा नागरिकले आफ्नो पहिचान लुकाएर बाँच्नु लोकतान्त्रिक व्यवस्थामाथिकै ठूलो संकट हो ।

आखिर किन यस्तो अवस्था कायम छ समाजमा ? संविधानले अधिकार दिँदादिँदै किन दलित समुदायले अझै विभेद भोग्नुपरेको छ ? किन एउटा मानिसले आफ्नो जातका कारण अपमान सहनुपर्छ ? यसको उत्तर कानुनको अभावमा होइन, सामाजिक चेतनाको अभावमा खोज्नुपर्छ । नेपालमा कानुन अपेक्षाकृत प्रगतिशील छन् । तर समाजको मानसिकता अझै परिवर्तन हुन सकेको छैन । कानुन आधुनिक छन्, तर सोच पुरानै छ । यही कारण संविधानले दिएका अधिकार कार्यान्वयनमा ठूलो समस्या छ ।

नेपाली समाजको ऐतिहासिक संरचना जात व्यवस्थामा आधारित छ । राजनीतिक परिवर्तनहरू भए, शासन प्रणाली फेरिए, संविधानहरू बने, तर सामाजिक सम्बन्धका धेरै आधारहरू अझै पुरानै छन् । जातीय विभेदको स्वरूप परिवर्तन भएको छ तर, यसको अस्तित्व समाप्त भएको छैन । अझै पनि धेरै ठाउँमा दलित समुदायले सार्वजनिक धारामा पानी छोएको निहुँमा अपमान सहनुपर्छ । मन्दिर प्रवेशमा अवरोध गरिन्छ । सामाजिक तथा सांस्कृतिक कार्यक्रममा विभेदपूर्ण व्यवहार गरिन्छ । कतिपय घटनामा त हिंसा र कुटपिटसमेत हुने गरेका छन् ।

शहरमा भने विभेद झन् जटिल रूपमा देखा परेको छ । यहाँ खुला रूपमा विभेद गरिँदैन, तर व्यवहारमा विभिन्न बहानामार्फत गरिन्छ । शिक्षित् र सचेत भनिने वर्गमा पनि जातीय पूर्वाग्रह गहिरो रूपमा बसेको छ । यही कारण विश्वविद्यालय, सरकारी कार्यालय, राजनीतिक दल, सञ्चार क्षेत्र वा अन्य प्रतिष्ठित स्थानमा पुगेका दलित व्यक्तिहरूले पनि पूर्ण सम्मानको अनुभूति गर्न सकेका छैनन् । उनीहरूको सफलतालाई क्षमता र मिहिनेतको परिणामका रूपमा भन्दा आरक्षणको उपलब्धिका रूपमा व्याख्या गर्ने प्रवृत्ति अझै बलियो छ ।

यो मानसिकता आफैंमा विभेदको एउटा रूप हो । जब कुनै व्यक्तिको पहिचानलाई उसको क्षमता र व्यक्तित्वभन्दा पहिले जातले निर्धारण गर्छ, त्यहाँ समानताको आधार कमजोर हुन्छ । यही कारण धेरै दलितहरू आफ्नो थर परिवर्तन गर्न, लुकाउन वा खुलाउन नचाहने अवस्थामा पुगेका छन् । कुनै पनि सभ्य समाजका लागि यो गम्भीर चिन्ताको विषय हो । एउटा नागरिकले आफ्नो वास्तविक पहिचान लुकाएर बाँच्नु मानव गरिमामाथिको आघात हो ।

दीपा नेपालीको प्रश्नले अर्को महत्त्वपूर्ण पक्ष पनि उजागर गर्छ, राज्यको संवेदनशीलता । यदि कानुनी रूपमा निषेध गरिएको विभेद आज पनि खुलेआम भइरहेछ भने त्यसको जिम्मेवारी कसले लिने ? के राज्यको दायित्व केवल

बाँकी पृष्ठ ३ ▶▶

## पेन्सन पट्टा हराएको सूचना

सिरहाको गोलबजार नगरपालिका-५ असनपुर निवासी बौएलाल सिंहको नाममा रहेको पेन्सन पट्टा नं. २०००३५१ हराएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

उक्त पेन्सन पट्टा कसैले फेला पारेमा नजिकको प्रहरी कार्यालय वा सम्बन्धित व्यक्तिलाई बुझाइदिनुहुन अनुरोध गरिन्छ ।

हराएको उक्त पेन्सन पट्टाको दुरुपयोग नगर्न सबैमा अनुरोध गरिन्छ । कसैले दुरुपयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिनेछ ।

## आजको राशिफल

**मेष :** आज निर्णय गर्दा हतार नगर्नु राम्रो हुन्छ । काममा धैर्य देखाउँदा सफलताको बाटो खुल्छ ।

**बृष :** आज तपाईंको आत्मविश्वास बलियो रहनेछ । आर्थिक पक्षमा सन्तुलन कायम गर्न सक्नुहुन्छ ।

**मिथुन :** आज नयाँ योजना बनाउने सोच आउन सक्छ । बोली र व्यवहारमा संयमता आवश्यक छ ।

**कर्कट :** आज भावनामा बग्ने सम्भावना बढी हुन्छ । काममा ध्यान केन्द्रित गर्न प्रयास गर्नुहोस् ।

**सिंह :** आज नेतृत्व क्षमता उजागर हुनेछ । काममा प्रशंसा पाउने योग छ । आत्मसम्मान बढ्ने खालको दिन हो ।

**कन्या :** आज सानो गल्तीले ठूलो असर गर्न सक्छ । काममा ध्यान र अनुशासन आवश्यक छ ।

**तुला :** आज मन दुविधामा पर्न सक्छ । सन्तुलित सोचले सही बाटो देखाउँछ । काममा सहकर्मीको साथ पाइनेछ ।

**वृश्चिक :** आज गोप्य कुरामा सतर्क रहनुहोस् । काममा मेहनतको उचित फल मिल्नेछ ।

**धनु :** आज नयाँ अवसरको ढोका खुल्न सक्छ । यात्राको सम्भावना देखिन्छ । काममा उत्साह बढ्नेछ ।

**मकर :** आज जिम्मेवारी बढ्न सक्छ । काममा धैर्य र निरन्तरता आवश्यक छ । आर्थिक योजनामा स्पष्टता आउनेछ ।

**कुम्भ :** आज नयाँ विचारले मन आकर्षित गर्छ । काममा सिर्जनशीलता देखाउने समय हो । मित्रबाट सहयोग मिल्नेछ ।

**मीन :** आज मन शान्त रहनेछ । आध्यात्मिक सोच बढ्न सक्छ । काममा ध्यान दिए सफलता मिल्नेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सिरहामा कसले चलाएको गोलीले मारिए गणेश ?

## तराईमा तनाव फैलिएका बेला सिरहाका १५ वर्षीय गणेश यादव गोली लागेर मारिए, तर नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना कसैले जिम्मेवारी लिएका छैनन्

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २१ गते**



सुनसरीमा १० साउन राति १० बजेतिर सामान्य विवादमा दुई समुदायबीच भएको झडपको तरंग अन्य जिल्लामा फैलिँदा चार दिनपछि सिरहामा पनि एक जना युवकले ज्यान गुमाए। औरही गाउँपालिका-२, तुलसियाहीका १५ वर्षीय गणेश यादव गोली लागेर मारिएपछि झन्डै ३ घण्टा गोलबजार चोकमा शव अलपत्र रह्यो। भावविह्वल अवस्थामा उनका दाइ कमलेश यादव (१८) ले कसैलाई घटनाबारे खबर गरेको भिडियो क्षणभरमै भाइरल भयो।

यो घटना सार्वजनिक भएपछि परिस्थिति थप बिग्रिन थाल्यो । काठमाडौंमा बसेर सुरक्षा फौजलाई कमान्ड गरिरहेका गृहमन्त्री सुधन गुरुङ स्वयम् गणेशको ज्यान गएलगत्तै मधेश झरे। सिरहा पुगेर गणेशका बुबा रामवृक्ष यादवसँग ७ बुँदे सहमति गरे, त्योसँगै परिवारले शव उठायो। तर, यादव कसले चलाएको गोली लागेर मारिएका थिए भन्ने अहिलेसम्म पुष्टि भएको छैन।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार प्रहरीबाट त्यस दिन ब्ल्यांक फायर र रबर बुलेट मात्र प्रहार भएको ब्रिफिङ आएको छ। 'सशस्त्र प्रहरीले गोली नै चलाएको छैन भनिएको छ,' उनले भने। नेपाल प्रहरी प्रवक्ता डीआईजी अविनारायण काफ्लेले पनि कसले गोली चलाएको थियो भन्ने छानबिन गर्न सोही दिन प्रदेश प्रहरी कार्यालय, मधेशबाट प्रहरी उपरीक्षक (एसपी) भेषराज रिजालको नेतृत्वमा समिति बनाइएको बताए।

उनी भन्छन्, 'गृह मन्त्रालयले पनि समग्र घटनाको छानबिन गर्न छुट्टै समिति बनाएको छ, त्यसमा पनि प्रहरीका प्रतिनिधिहरू छन्।' प्रशासनले परिस्थितिलाई नियन्त्रणमा लिन भन्दै त्यस दिन कर्फ्यु लगाएको थियो। नेपाली सेनाको टोलीसमेत परिचालन भएको थियो। सेनाले समेत त्यो दिन गोली चलाएको स्विकारेको छैन। सैनिक प्रवक्ता राजाराम बस्नेत भन्छन्, 'छानबिन भइरहेको विषय भएकाले त्यसमा मलाई कुनै जानकारी प्राप्त भएको छैन।'

घटनाको छानबिनका लागि बनाइएको गृह मन्त्रालयका सहसचिव पुष्पराज शाही नेतृत्वको टोलीले समेत त्यो दिन कसले गोली चलाएको थियो भन्ने पत्ता लगाउन सकेको छैन। समितिका एक सदस्यले भने, 'कसले गोली चलाएको थियो भन्ने विषय जटिल देखिन्छ, त्यो विषयलाई नै अनुसन्धानको प्राथमिकता दिएर हेरिरहेका छौं।'

गोली कसले चलाएको थियो भन्ने विषयमा अन्योल देखिएपछि समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत दुई अधिकारीलाई थपिएको छ। मन्त्रालयले पछिल्लो पटक ब्यालेस्टिक र फरेन्सिक जाँच गर्ने गरी प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक (एसपी) मनोहरसिंह धामीलाई थपेको छ। त्यसअघि समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना र गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए।

मन्त्रालयका एक अधिकारीका अनुसार, गोली कसले चलाएको थियो भन्ने विषयमा अलमल देखिएपछि त्यसको निक्यौल गर्नलाई समितिमा दुई सदस्य थपिएको हो। 'ब्यालेस्टिक जाँचबाट कुन बन्दुकबाट गोली चलेको थियो भन्ने पत्ता लाग्छ र यस विषयमा निष्कर्षमा पुग्न सकिन्छ भन्ने बुझाइ हो,' ती अधिकारीले भने, 'गोली हानिएको दूरी पनि थाहा हुने भएकाले समितिलाई अन्य विषयमा अध्ययन गर्नसमेत सहयोगी हुन्छ भन्ने ठानेका छौं।'

राष्ट्रिय मानवअधिकार आयोग मधेशका प्रमुख बुद्धनारायण सहनी पनि हालसम्म सिरहामा कसले गोली चलाएको थियो भन्ने खुल्न नसकेको बताउँछन्। 'धेरै किसिमका चर्चा छन्, तर यकिन पुष्टि भएको छैन,' उनले भने, 'त्यसमा पनि अध्ययन गरिरहेका छौं।' प्रहरी अधिकारीहरूका अनुसार, यस किसिमका घटनामा विगतमा पनि कसले गोली चलाएको थियो भन्ने विषयमा अलमल हुने परिस्थिति बनेका छन्।

'यो पहिलो पटक आएको विषय होइन, सुरक्षा निकायले एउटै हतियार बोकेका हुन्छन्, त्यसपछि कहिलेकाहीं त्यो कारबाहीसँग पनि जोडिने विषय भएकाले मैले गरेको होइन भन्ने हुन्छ,' नेपाल प्रहरीका पूर्वएआईजी उत्तमराज सुवेदी भन्छन्, 'तर, ब्यालेस्टिक जाँचका क्रममा कुन बन्दुकबाट फायर भएको गोलीले ज्यान गएको हो भन्ने पत्ता

बाँकी पृष्ठ ४ ▸▸

## रास्वपा सांसद यादवको अभिव्यक्तिपछि गोलबजारको ..............

आफूले कुनै अनुचित अभिव्यक्ति नदिएको दाबी गर्दै देखिएको विरोधलाई विपक्षी दलहरूको असन्तुष्टिको रूपमा व्याख्या गरेका थिए।

उक्त कार्यक्रममा सहभागी मधेश प्रदेशका पूर्वसांसद जगतप्रसाद यादवले भने श्रद्धाञ्जली सभा राजनीतिक बहसका लागि नभई मृतकप्रति श्रद्धाञ्जली अर्पण र सामाजिक सद्भाव सुदृढ गर्न आयोजना गरिएको बताउँदै सांसद यादवको अभिव्यक्तिले कार्यक्रमको उद्देश्य प्रभावित भएको आरोप लगाए।

उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष विजय साहका अनुसार श्रद्धाञ्जली सभापछि हिन्दु-मुस्लिम समुदायको संयुक्त सद्भाव ऱ्याली निकाल्ने तथा बन्द रहेका पसल सञ्चालन गर्ने सहमति भएको थियो। तर कार्यक्रममा विवाद उत्पन्न भएपछि पूर्वनिर्धारित कार्यक्रम प्रभावित भएको उनले बताए।

साउन १० गते सुनसरीको देवानगञ्जमा भएको घटनाको प्रभाव साउन १४ गते सिरहाको गोलबजारसम्म फैलिँदा साम्प्रदायिक तनाव चर्किएको थियो। त्यसक्रममा सिरहाका गणेश यादव तथा सुनसरीका ओमप्रकाश महतो, जयप्रकाश महतो र रविन्द्र मेहताको मृत्यु भएको थियो भने गोलबजारमा मुस्लिम समुदायका घर, पसल तथा व्यवसायमा तोडफोड र आगजनीसमेत भएको थियो।

संयुक्त श्रद्धाञ्जली सभामार्फत दुई समुदायले सामाजिक सद्भाव, शान्तिपूर्ण सहअस्तित्व र आपसी विश्वासलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाए पनि कार्यक्रमका क्रममा उत्पन्न विवादले सो प्रयास केही समयका लागि प्रभावित भएको सहभागीहरूले बताएका छन्।




## सरकार ! कस्ले दिने दीपा नेपालीहरूको प्रश्नको ..............

कानुन बनाउनेसम्म सीमित हुन्छ ? वा ती कानुन प्रभावकारी रूपमा कार्यान्वयन गराउने दायित्व पनि राज्यकै हो ?

वास्तविकता के हो भने नेपालमा धेरै नागरिक न्याय पाउनका लागि सम्बन्धित निकायभन्दा माइतीघर मण्डलातर्फ जान बाध्य छन्। जब आफ्नो धरातलमा न्याय पाउँदैन तब माइतीघर मण्डला र पत्रकारले न्याय दिन्छ कि भन्ने आम विश्वास बनेको छ। जबकि त्यो सत्य होइन। सत्य भनेको राज्य र सरकार नै हो। किनभने जब प्रशासन मौन हुन्छ, उजुरीमाथि कारबाही हुँदैन, पीडितले न्याय पाउँदैन, राज्य संयन्त्रबाट अपेक्षित सहयोग पाउँदैन, तब सडक नै उसको अन्तिम आश्रय बन्छ, माइतीघर र मिडियाको सहारा खोज्छ।

माइतीघर विरोधको स्थल मात्र होइन, आफ्नो दुःख पीडा बिसाउने स्थल पनि हो। जो राज्यप्रति नागरिकको निराशाको प्रतीक पनि बनेको छ।

जातीय विभेदका घटनामा पनि यही समस्या देखिन्छ। धेरै पीडितहरू उजुरी गर्न हिच्किचाउँछन्। कतिपयले न्याय पाउने आशा नै गर्दैनन्। आर्थिक अवस्था, सामाजिक दबाब र प्रशासनप्रतिको अविश्वासका कारण धेरै घटनाहरू सार्वजनिक नै हुँदैनन्। सार्वजनिक भएका घटनाहरूमा पनि न्याय प्रक्रिया सुस्त हुने गुनासो व्यापक छ। यसले पीडितलाई झन् निराश बनाउँछ।

यस अवस्थामा समाधान केवल कानुनी कारबाहीमा मात्र सीमित हुन सक्दैन। सामाजिक रूपान्तरण आवश्यक छ। विद्यालयदेखि विश्वविद्यालयसम्म समानता, मानवअधिकार र सामाजिक न्यायसम्बन्धी शिक्षालाई व्यवहारिक रूपमा लागू गर्नुपर्छ। जातीय विभेदविरुद्धको चेतना अभियानलाई व्यापक बनाउनुपर्छ। डेरा नदिने, जातीय अपमान गर्ने वा सामाजिक बहिष्कार गर्ने प्रवृत्तिमाथि कडा कारबाही हुनुपर्छ। कानुनको अस्तित्व मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै आवश्यक हुन्छ।

दलित समुदायलाई केवल सहानुभूति होइन, सम्मान र अवसर आवश्यक छ। शिक्षामा समान पहुँच, रोजगारीमा अवसर, सुरक्षित आवास, आर्थिक सशक्तीकरण र सामाजिक सम्मान सुनिश्चित गर्न राज्यले विशेष ध्यान दिनुपर्छ। सामाजिक न्याय केवल नीतिगत दस्तावेजमा सीमित रहनु हुँदैन, नागरिकको दैनिक जीवनमा अनुभूत हुनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, समाजले मानिसलाई जातका आधारमा होइन, मानवताका आधारमा हेर्न सिक्नुपर्छ। लोकतन्त्रको वास्तविक अर्थ पनि यही हो। लोकतन्त्र केवल चुनाव, सरकार परिवर्तन वा संविधान निर्माणको नाम होइन। लोकतन्त्र तब सार्थक हुन्छ, जब प्रत्येक नागरिकले आफ्नो पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउँछ- जब कसैले आफ्नो जात लुकाएर होइन, गर्वका साथ आफ्नो परिचय दिन सक्छ, जब एउटा युवतीले कोठा खोज्दा आफ्नो समुदाय बताउन डराउनुपर्दैन, जब कुनै नागरिकलाई उसको जातका आधारमा होइन, उसको व्यक्तित्व र व्यवहारका आधारमा मूल्यांकन गरिन्छ।

दीपा नेपालीको प्लेकार्डमा लेखिएको प्रश्न वास्तवमा एउटा कोठाको खोजीको प्रश्न होइन। यो समानताको खोजी, सम्मानको खोजी हो। यो संविधानले वाचा गरेको अधिकारको खोजी हो। र, यो राज्य तथा समाज दुवैको चेतनामाथि उठाइएको गम्भीर प्रश्न हो।

जबसम्म 'सरकार ! कोठा खाली छ ? तिम्रो मानवता खोइ ?' भन्ने प्रश्न सडकमा गुन्जिरहन्छ, जबसम्म दलितलाई खै ? भनेर खगेन्द्र सुनारहरू जन्मिरहन्छ ? जबसम्म काठमाडौंमा रूपा सुनार र दीपा नेपालीहरूले कोठा भाडाको समस्या भोगिरहन्छन्, र प्रश्न उठाइरहन्छ तबसम्म हामीले सामाजिक न्यायको यात्रालाई पूर्ण भएको मान्न सक्दैनौं। जबसम्म कुनै नागरिकले आफ्नो जातकै कारण अवसर, सम्मान र आधारभूत अधिकारबाट वञ्चित हुनुपर्छ, तबसम्म लोकतन्त्रको सफलता अधुरै रहन्छ। त्यसैले दीपा नेपालीको प्रश्नलाई एउटा व्यक्तिको समस्या भनेर होइन, सम्पूर्ण समाजको आत्मपरीक्षणका रूपमा बुझ्न आवश्यक छ। किनकि यो प्रश्नको उत्तर सरकारसँग मात्र होइन, हामी सबैसँग मागिएको छ।



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# हुलास स्टिलले जरिवाना नतिर्ने, कानुनी उपचारमा जाने

अपन दैनिक संवाददाता
बारा, साउन २१ गते

बाराको सिमरास्थित हुलास स्टिल इन्डस्ट्रिज लिमिटेड प्रालिले उद्योग मन्त्रालय र जितपुरसिमरा उपमहानगरपालिकाले कारबाहीस्वरूप लगाएको जरिवाना रकम नबुझाउने बताएको छ।

सिर्सिया नदी प्रदूषण गरेको आरोपमा उद्योग मन्त्रालयले हुलास स्टिललाई १० लाख रुपैयाँ जरिवाना गरेको छ भने असार अन्तिम साता पत्र काटेर जितपुरसिमरा उपमहानगरपालिकाले ५ लाख रुपैयाँ जरिवाना गरेको थियो। उद्योग प्रशासनले सङ्घ र पालिकाले कारबाहीस्वरूप लगाएको १५ लाख रुपैयाँ नबुझाउने, बरु कानुनी उपचारमा जाने जनाएको छ।

उद्योगको स्थापना दिवस पारेर विहीबार आयोजित 'हुलास डे' कार्यक्रममा उद्योगपति हिमांशु गोल्छाले स्थानीय सरकारले गरेको जरिवानाप्रति उद्योग प्रशासन गम्भीर भएको बताएका छन्। 'हामी पालिकासँग समन्वय गर्न खोजिरहेका छौँ। हाम्रो कहाँ त्रुटि भएको छ, सुधार गर्न तयार छौँ,' उद्योग सञ्चालक गोल्छाले भने, '३-४ वर्षअघि नै प्रदूषणयुक्त पानी प्रशोधन गर्ने उपकरण जडान गरिसकेका छौँ।'

उद्योगहरूबाट निस्किएको औद्योगिक फोहोर, तेलजन्य पदार्थ तथा लेदो सार्वजनिक सडक तथा आसपासको क्षेत्रमा फैलिएको, फोहोर पानीको उचित व्यवस्थापन नगरेको, कार्यस्थलमा सुरक्षा मापदण्ड



पालना नभएको तथा स्वीकृत वातावरणीय अध्ययनको पालना नभएको भन्दै उपमहानगरपालिकाले हुलास स्टिललाई जरिवाना गरेको थियो। उद्योग प्रशासनले भने पानीको परीक्षण गर्दा रिपोर्ट सकारात्मक आएकाले उपमहानगरपालिकाले लगाएको आरोप गलत भएको दाबी गरेको छ।

'जरिवाना बुझाउने पक्षमा हामी छैनौँ, कानुनी उपचारमा जाने विषयमा छलफल भइरहेको छ,' उद्योग प्रशासनका अर्का एक व्यक्तिले भने, 'हाम्रो गल्ती नभएको ठाउँमा जबरजस्ती जरिवाना उठाउन खोज्नु गलत हो।'

उद्योग प्रशासनले जितपुरसिमरा उपमहानगरपालिकाले लगाएको सम्पत्ति करको दर धेरै भएको र पुनः प्रयोगमा आउन सक्ने सामानबाट जबरजस्ती कवाडी कर असुलेको आरोप लगाएको छ।

सिमरास्थित हुलास स्टिलले जस्तापातासँगै निर्माणजन्य सामग्रीहरू उत्पादन गर्छ। हाल सो उद्योगमा १ हजार कर्मचारी तथा मजदुर कार्यरत छन्।

उद्योगले गत आर्थिक वर्षमा १ लाख टन स्टिल उत्पादन गरेको जनाएको छ। उद्योगप्रति सरकार सकारात्मक भए आगामी दिनमा उत्पादन झनै बढाउन सकिने गोल्छाको भनाइ छ। उनले कच्चा पदार्थ आयातमा ३५ प्रतिशतसम्म भ्याट बुझाउनुपर्दा उद्योगहरू धराशयी हुँदै गएको बताएका छन्। 'सरकारले हामीलाई अलिकति प्रोत्साहन दियो भने नेपालमा अझै उत्पादन बढाउन सक्छौँ,' उनले भने।

कार्यक्रममा इलाका प्रशासन कार्यालय सिमराका प्रमुख राजेन्द्रप्रसाद कँडेलले उद्योगले सामाजिक उत्तरदायित्वअन्तर्गत पथलैया-वीरगन्ज औद्योगिक करिडोरमा सडक दुर्घटना न्यूनीकरण गर्न सीसीक्यामेरा जडानमा सहयोग गर्न आग्रह गरेका छन्।

'करिडोरमा थुप्रै उद्योगहरू छन्। सामाजिक उत्तरदायित्वअन्तर्गत उद्योगहरूसँग रकम जम्मा गरेर सडक सौन्दर्यकरण र दुर्घटना न्यूनीकरणमा काम गर्न सकिन्छ,' कँडेलले भने, 'सडक बत्ती सञ्चालनमा सहयोग गरे यसले मानवीय जिउधनको क्षति कम गर्न सकिन्छ।'

'हुलास डे' को अवसरमा आयोजित कार्यक्रममा आज ११ जना कर्मचारी तथा मजदुरहरूलाई सम्मान समेत गरिएको छ।

# कक्षा १२ को पूरक परीक्षाको नतिजा सार्वजनिक, ८१.१९ प्रतिशत परीक्षार्थीलाई ग्रेड प्राप्त

अपन दैनिक संवाददाता
काठमाडौं, साउन २१ गते




राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको छ। बोर्डले साउन २ र ३ गते सञ्चालन भएको मौका परीक्षाको नतिजा बिहीबार राति सार्वजनिक गरेको हो।

सार्वजनिक नतिजामा ८१।१९ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गरेका छन्। परीक्षमा कुल ७१ हजार ३१० जना सहभागी भएकामा ५८ हजार ८९७ जना विद्यार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेको बोर्डले जनाएको छ।

यस्तै, तीन जना परीक्षार्थीको भने परीक्षाफल रद्द गरिएको बोर्डले जानकारी दिएको छ।

सार्वजनिक परीक्षाफल सम्बन्धी जानकारी वेबसाइट, एसएमएस सर्भिस र आईभीआर सर्भिसबाट प्राप्त गर्न सकिने बोर्डले जनाएको छ।




## सिरहामा कसले चलाएको गोलीले ............

लागिहाल्छ।'

घटनास्थलमा को-को खटिएका थिए र उनीहरूले कुन-कुन हतियार बोकेका थिए भन्ने स्पष्ट विवरण भएपछि त्यो पत्ता लगाउन गाह्रो नहुने उनको भनाइ छ। 'कहिलेकाहीं अर्को पक्षबाट गोली चलेको समेत हुन सक्ने सम्भावना रहन्छ, कसैले जिम्मेवारी लिइरहेको छैन भने मान्छेको ज्यान त त्यतिकै जाने कुरा भएन,' सुवेदीले भने, 'त्यो कुरासमेत ब्यालेस्टिक जाँच गरेपछि मात्र भन्न सकिन्छ।'

सरकारले आफ्नो सन्तानको हत्या गरेको दाबी गर्दै मृतक गणेशका बुबा रामवृक्षले छानबिन र दोषीलाई कारबाही हुनुपर्ने माग राखिरहेका छन्। उनी भन्छन्, 'सरकारले मेरो बच्चाको हत्या गरेको छ, गोली हान्नेलाई कारबाही हुनुपर्‍यो, मलाई न्याय चाहियो।'

१५ साउनमा गृहमन्त्री सुधन गुरुङ उनको घरमा पुग्दासमेत बुबा रामवृक्षले सोही माग राखेका थिए। त्यसपछि गृहमन्त्री गुरुङ स्वयंले हस्ताक्षर गरेको सहमतिको दोस्रो बुँदामा 'गोलबजारमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीमाथि कारबाही प्रक्रिया तत्काल अघि बढाउने' उल्लेख छ।

त्यसअनुसार गृह मन्त्रालयका सहसचिव पुष्पराज शाही नेतृत्वको टोलीले छानबिनको काम थालेको थियो। सिरहा पुगेर समितिले घटनास्थल अवलोकन, तथ्य तथा प्रमाण संकलन, स्थानीय तथा सरोकारवालासँग छलफल थालिसकेको छ। संयोजक शाहीका अनुसार पहिलो चरणमा सोमबार गोलबजारमा घटनास्थलको अवलोकन गर्ने काम भयो भने मंगलबार गोलबजार नगरपालिकामा सर्वदलीय बैठक बसेर सबै पक्षको भनाइ सुन्ने काम भएको छ।

दोस्रो चरणमा स्थानीय व्यवसायीसँग संवाद गरेर आन्दोलनका क्रममा भएका क्षति तथा व्यवसायीका गुनासो सुनेको समितिले तेस्रो चरणमा मुस्लिम समुदायका प्रतिनिधिहरूसँग छुट्टै बैठक गरी घटनाको कारण, प्रभाव र सामाजिक सद्भाव कायम गर्ने उपायबारे छलफल गरेको उनले बताए। गोलबजारमा भएको घटनाको पृष्ठभूमि, आन्दोलनका क्रममा सुरक्षाकर्मीले गोली चलाउनुको कारण खोतल्ने र आगामी दिनमा सामाजिक सद्भाव कायम राख्न हुन सक्ने उपायहरू सुझाउने आफूहरूको मूल काम रहेको शाहीले बताए।

मानवअधिकारको अन्तर्राष्ट्रिय सिद्धान्तले भीड नियन्त्रणमा घातक हतियार प्रयोग नगर्नु भन्छ। तर, प्रहरीले घातक हतियार प्रयोग गर्दा बारम्बार नागरिकको ज्यान जाने गरेको छ। सुनसरीको देवानगन्ज-४ मा १० साउनको राति दुई समुदायबीच भएको झडपलाई साम्य बनाउन गएको प्रहरी टोली आफैं आक्रमणमा परेर फर्किएको थियो। त्यसपछि पुगेको सशस्त्र प्रहरीको टोलीले '२० राउन्ड फायर' गर्दा ३० वर्षीय ओमप्रकाश मेहताको ज्यान गएको थियो। ९ स्थानीय घाइते भएका थिए। उपचारका क्रममा थप दुई जनाको मृत्यु भएको थियो।

स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमा मात्र सुरक्षाकर्मीले गोली चलाउन सक्ने भनेको छ। गोली चलाउनुपर्ने आवश्यकता भए त्यसअघि भीडलाई स्पष्टसँग चेतावनी दिनुपर्ने भनिएको छ। भीड नियन्त्रणको सिद्धान्तले पनि बल प्रयोग गर्दा संयमता अपनाएर सकेसम्म कम क्षतिमा नियन्त्रण गर्नुपर्ने भनेको छ। तर, स्थानीयवासी गोली चल्न लागेको भनेर चेतावनीसमेत नदिएको बताउँछन्।

स्थानीय प्रशासन ऐनको दफा ६ को उपदफा (ख) मा 'भीड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनका लागि आदेश लेखी सही गरेर दिने' भनिएको छ। तर सुनसरीमा अधिकांशको घुँडाभन्दा माथि गोली लागेको छ। सिरहा घटनामा ज्यान गुमाएका गणेशको पनि घाँटीमा गोली लागेको थियो। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उनको पोस्टमार्टम भएको छ। त्यसको प्रतिवेदन तयार भइसकेको अस्पतालको भनाइ छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४

## धनुषामा प्रतिपरिवार एक सिलिन्डर बिक्री ............

आपूर्ति गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए।

त्यसैगरी, ग्यास बिक्रेताले एक परिवारलाई एक सिलिन्डर मात्र बिक्री गर्दा उपभोक्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य रूपमा अभिलेख राख्नुपर्ने, व्यावसायिक प्रयोजनभन्दा घरेलु उपभोक्तालाई पहिलो प्राथमिकतामा राखेर ग्यास बिक्रीवितरण गर्नुपर्ने निर्णय भएको लुइँटेलले बताए।

कृत्रिम अभाव सिर्जना हुन नदिन आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न सर्वसाधारणलाई आग्रह गर्दै ग्यास बिक्रीवितरणका क्रममा बढी नाफा कमाउने उद्देश्यले अनुचित भण्डारण गर्ने, सहज आपूर्ति नगर्ने, बढी मूल्य लिने वा गलत नियतले कालोबजारी गर्ने व्यवसायीलाई कानुनी कारबाहीको दायरामा ल्याइने उनको भनाइ छ।

जिल्ला प्रशासन कार्यालयले संयुक्त बजार अनुगमनलाई तीव्र बनाउने तथा माग, आपूर्ति र बिक्रीवितरणको नियमित अनुगमन गरी आवश्यक नियमन गर्ने निर्णयसमेत गरेको छ। पछिल्ला दिनमा ग्यासको आपूर्तिमा देखिएको असहज अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले ग्यास डिपोहरुको नियमित अनुगमन गरिरहेको जनाएको छ। रासस

## 'राजा ल्याउने प्रस्ताव' आएपछि बन्यो ...............

अध्यक्ष रिजवान अन्सारीले बताए। उनले भने, 'सरकारकै पक्षबाट राजा ल्याउने गम्भीर प्रस्तावसहित प्रतिवेदन आएपछि मोर्चा बनाइएको हो, त्यसका लागि नै देशका अग्रगामी शक्तिहरू एक ठाउँमा आएका हुन्।'

सरकारबाटै संघीयता, समावेशी, धर्मनिरपेक्षता, गणतन्त्रमाथि खतरा देखिएको उनले दोहोऱ्याए। भने, संविधान संशोधन बहसपत्र तयार पार्न प्रधानमन्त्री बालेनका मुख्य सल्लाहकार असिम शाहको नेतृत्वमा गठन गरेको कार्यदलले राजा ल्याउने सुझाव मात्र होइन, जनमत संग्रह गर्ने प्रतिवेदनमार्फत सुझाव दिएपछि दलहरू संगठित हुन थालेका हुन्।'

जनता समाजवादी पार्टी नेपालका नेता जितेन्द्र सोनलले प्राप्त उपलब्धि पनि डुब्ने खतरा उत्पन्न भएको देखेर नै अग्रगामी मोर्चा बनाएको बताए। संघर्षबाट प्राप्त उपलब्धिलाई रक्षा गर्ने, गणतन्त्रलाई संस्था गर्ने र बाँकी रहेको जनताको अधिकार र पहिचानको मुद्दालाई अगाडि बढाउने उद्देश्यले यो मोर्चा निर्माण भएको उनले बताए।

'मुख्य कुरा सरकारमाथि बढेको आशंका नै हो,' अध्यक्ष अन्सारीले भने, 'अहिलेको सरकारप्रति शंका बढेको छ, हामी पनि सशंकित छौँ।' 'बलगर' संघीयता बनाउने घोषणा गरेर अत्यधिक मत ल्याएर प्रधानमन्त्री बनेका बालेन अहिले संघीयताबारे मौन बस्नुले धेरै कुराको संकेत गरेको उनको भनाइ थियो।

रास्वपाले प्रदेश नै खारेज गर्ने पार्टीको महाधिवेशनबाट पारित गर्दा पनि प्रधानमन्त्री बालेनले त्यसलाई रोक्ने प्रयास नगरेका अन्सारीको आरोप छ। 'अहिले आएर सरकारकै कारण धार्मिक ध्रुवीकरण बढिरहेको छ,' उनले थपे, 'धेरै कुरामा आशंका बढाएको छ।'

देशलाई प्रतिगमनमा जान रोक्न अहिलेको अवस्थामा मोर्चाको आवश्यकता परेको उनको भनाइ थियो। र साउन २३ गते अधिकारिक घोषणा गरेर जनतामा जाने उनले बताए।

उनका अनुसार मोर्चाले तत्कालै संघर्षका कार्यक्रम घोषणा गर्ने छैन। घोषणापछि बैठक बसेर कार्यक्रम तय गर्नेछ। सुरुमा अग्रगामी मोर्चा जनतामा जाने काम गर्छ। वर्तमान अवस्थामा जानकारी गराउनका लागि जनतामा जान्छ। देशका प्रमुख सहरमा अन्तर्क्रिया कार्यक्रममार्फत जनतालाई अहिलेको वर्तमान अवस्थाबारे जानकारी गराउने तयारी मोर्चाको छ।

देशको वर्तमान अवस्थाबारे जनतालाई जानकारी गराएपछि त्यहाँबाट आउने प्रतिक्रियाका आधारमा थप कार्यक्रम बनाउने योजना मोर्चाको रहेको अन्सारीले बताए।

